# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

### प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ०१/२०७८-०७९**

प्रदेश सरकार (मन्त्रिपरिषद्) को च.नं. २१४३, मिति २०७८।०३।३१ को पत्रबाट माग भए बमोजिम प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको प्रचलित कानून बमोजिम खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np मार्फत दरखास्त दिन सकिनेछ। **विज्ञापित पदहरुको लिखित परीक्षामा शारीरिक तन्दुरुस्ती परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र सहभागी हुन पाउनेछन् । शारीरिक तन्दुरुस्ती परीक्षाको कार्यतालिका सम्पूर्ण दरखास्त स्वीकृत भएपश्चात् आयोगको वेवसाइट मार्फत प्रकाशित गरिनेछ ।**

**नेपाल वन सेवा, तहविहीन**

| सि.नं. | विज्ञापन नं. | सेवा, समूह, पद | विज्ञापन किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | FRT-५४००१/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | खुला | ५८ |
| २. | FRT-५४००२/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | महिला | १६ |
| ३. | FRT-५४००३/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | आदिवासी/जनजाति | १३ |
| ४. | FRT-५४००४/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | मधेसी | ११ |
| ५. | FRT-५४००५/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | दलित | ४ |
| ६. | FRT-५४००६/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | अपाङ्ग | २ |
| ७. | FRT-५४००७/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | पिछडिएको क्षेत्र | २ |
| | | **कूल जम्मा पद** | | **१०६** |

**परीक्षाको किसिमः-** शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** बुटवल।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुन सक्नेछ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. २००।- (दुईसय) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि रु. १००।-(एक सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** प्रदेश लोक सेवा आयोग, लुम्विनी प्रदेश, मुकामः बुटवलको
कार्यालय कोड **२१०००४८०१५**
राजश्व शिर्षक नं. **१४२२४**
राष्ट्रिय बाणिज्य वैंकको खाता नं. **१०००१००२०००१०००००** वा
नेपाल वैंक लि.को खाता नं. **२७४०२००००००१००१००००००१** मध्ये आफूलाई पायक पर्ने कुनै एक वैंकमा उम्मेदवारले आफ्नै नामबाट दरखास्त दस्तुर जम्मा गर्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** दरखास्त दस्तुर तोकिएको मिति भित्रै वैंकले तोकेको समयमा नै बुझाई अपलोड गर्नुपर्नेछ ।

**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली http://ppsconline.lumbini.gov.np मार्फत् दरखास्त बुझाउन सकिनेछ। विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकता, दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा समावेशी विवरण खुल्ने कागजात, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर र दस्तुर तिरेको वैंक भौचरको माथि उम्मेदवारको मास्टर आइ.डी. नम्बर लेखी JPG/PDF Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। उम्मेदवारहरुले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरुले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७८।०५।१७ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७८।०५।२४ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-** पुरुष उम्मेदवारको हकमा २०७८।०५।१७ सम्म १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।

**अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम।

**सेवा, शर्त र सुविधाः-** सेवा, शर्त र सुविधा प्रदेश कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेशको मन्त्रालय।

आवश्यक न्यूनतम योग्यताः

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको। साथै निजामती सेवा ऐन, २०४९ को अधिनमा रही नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ।

(क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) अपाङ्गका हकमा आधिकारिक निकायबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि बसोवास भएको सिफारिशको आधारमा र विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात समेत।

**द्रष्टव्य**

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ग) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १-१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(ङ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(च) पाठ्यक्रम आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ।

(छ) कोभिड-१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न संक्रमणको विशेष अवस्थामा आयोगले तयार गरेको स्वास्थ्य सम्वन्धी मापदण्ड अपनाइने छ।

(ज) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User manual हेर्न सकिनेछ।

**सम्पर्कः ०७१-५४१०६२, ५४१४८४, email: info.ppsc@lumbini.gov.np, loksewa.lumbini@gmail.com**